## प्रेस विज्ञप्ति

# नेपालमा गिद्ध संरक्षणका लागि पञ्चवर्षीय गिद्ध संरक्षण कार्ययोजना

**श्रावण १५, २०७२ (काठमाडौं):** ८७१ भन्दा बढी किसिमका चराहरु नेपालमा पाइने भएबाट नेपाल जैविक विविधतामा धनी भएको प्रष्ट हुन्छ । नेपालमा पाइने चराहरु मध्ये गिद्ध प्रजातीको चरा एक हो । र नेपालमा ९ किसिमका गिद्धहरु पाइन्छन् । गिद्धलाई पृथ्वीको कुचिकारको रुपमा पनि लिइन्छ । यसले मासु त खान्छ तर कहिल्यै पनि आफै मार्दैन । आहाराको लागि टाढा टाढासम्म उड्नु पर्ने हुन्छ । वैज्ञानिकका अनुसार एउटा गिद्ध आफ्नो आहारा खोजीको लागि १०० किलोमिटर Radius मा उड्ने गरेको पाइएको छ । यसबाट के प्रष्ट हुन्छ भने चराको पारिस्थितिकिय प्रणालीमा गिद्धको स्थान उच्च स्थानमा हुने र आहाराको खोजीको लागि टाढा टाढा सम्म जानु पर्ने भएकोले यसको संरक्षण सबैले मिलेर गर्नु पर्ने हुन्छ । पछिल्लो अध्ययन अनुसार सन् १९९० को दशक देखि हालसम्म आइपुग्दा दक्षिण एशियामा गिद्धको संख्यामा नाटकीय रुपमा कमी आएको महसुश गरिएकोछ । विगत १५ वर्षको समयावधिमा भारतमा डंगर गिद्धको संख्यामा ९९.९ प्रतिशत र नेपालमा १० वर्षको समायवधिमा ९१ प्रतिशतले ह्रास आएको देखिन्छ । नेपाल, बंगलादेश, भारत र पाकिस्तानमा गरिएको वैज्ञानिक अनुसन्धानहरुले गिद्धको संख्यामा ह्रास आउनुको प्रमुख कारण पशु उपचारमा प्रयोग गरिने डाईक्लोफेनेक औषधी भएको पुष्टि गरेका छन् । त्यसैले गिद्धलाई डाईक्लोफेनेकयुक्त आहाराबाट रोक्नु नै पहिलो र तत्काल संरक्षणको प्राथमिकता महसुश गरिएको छ ।

गिद्धमा देखिएको यस्तो किसिमको चिन्ताजनक अवस्थालाई मध्यनजर राख्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले ५ बर्षको (सन् २००९–२०१३ सम्म) गिद्ध संरक्षण कार्य योजना बनाई नेपाल सरकारका गिद्धसंग सम्वन्धित विभिन्न नियकायहरु, संरक्षण साझेदार संस्थाहरु र स्थानीय समुदायहरु समेतको सहयोगमा गिद्ध संरक्षण कार्य गर्दै आएको व्यहोरा सर्वविदितै छ । नेपालले गिद्ध संरक्षणको लागि गिद्ध संरक्षण प्रजनन केन्द्र चितवन राष्ट्रिय निकुञ्जमा स्थापना गरी विभिन्न राष्ट्रिय र अर्न्तराष्ट्रिय संध संस्थाहरुको सहयोगमा गिद्धको Ex-situ संरक्षण समेत गर्दै आएको छ । राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग, गिद्ध संरक्षणमा संलग्न सबै संघ संस्थाहरुलाई विशेष धन्यवाद दिन चाहान्छ । तथापी गिद्ध संरक्षणमा देखिएका तात्कालिन मुद्धाहरु र विगतमा गिद्ध संरक्षणमा भएका उपलब्धीहरु दिगो रुपमा लैजानका लागि थप कार्यक्रम र सहकार्यका साथ जानु पर्ने आवश्यकतालाई महशुस गरि राष्ट्रिय निकुन्ज तथा बन्यजन्तु संरक्षण विभागले विभिन्न संरक्षण साझेदार संस्थाहरु मुख्य गरि नेपाल पंक्षी संरक्षण संघसंग मिलेर गिद्ध संरक्षण सम्बन्धी नयाँ कार्ययोजना (सन् २०१५-२०१९) तयार गरी स्वीकृत गरेको अवस्था छ । भर्खरै लागु गरिएको छ । यस कार्य योजनाले आगामी ५ वर्षमा गिद्धको सुरक्षित खाना र उपयुक्त वासस्थानको संरक्षण मार्फत गिद्धको संख्यामा वृद्धि गर्ने रहेको छ । यस कार्य योजना कार्यान्वय हुन सकेको खण्डमा Diclofenac जस्ता गिद्धलाई

नकरात्मक असर पार्ने औषधीहरुको नियन्त्रण हुन गै सबैले Diclofenac मुक्त औषकीको प्रयोग गर्ने छन् । Diclofenac औषधीको सट्टामा Meloxicam औषधीको वैकल्पिक प्रयोगको लागि जोड दिइनेछ । जसको परिणाम स्वरुप गिद्धको संख्यामा वृद्धि हुने आशा गरिएको छ । त्यसका अतिरिक्त हाल गिद्ध संरक्षण प्रजनन केन्द्रमा पालिएका गिद्धहरुबाट जन्मेका बच्चाहरु जंगलमा छोड्न पहल गरिनेछ । गिद्धको अध्ययन अनुसन्धानलाई जोड दिइनेछ । गिद्ध संरक्षण गर्नका लागि जनजेतना अभिबृद्धि भई गिद्ध र यसको वासस्थान संरक्षण गर्नमा सहयोग पुग्नेछ र सवै सरकारी गैह्र सरकारी, स्थानीय समुदाय समेतको साझेदारीमा गिद्ध संरक्षण गरिने कार्य अगाडि बढ्ने आशा गरिएको छ । समग्रहमा यस कार्य योजनालाई ५ वर्षसम्म कार्यान्वयन गर्नको लागि करिब रु. ११ करोड लाग्ने अनुमान गरिएको छ ।

अन्त्यमा गिद्ध संरक्षण कार्यमा आर्थिक एवं प्राविधिक सहयोग गर्नु हुने सम्पूर्ण सरकारी नियकायहरु मुख्य गरि नेपाल पशु सेवा विभाग र नेपाल औषधी व्यवस्था विभाग, गैह्र सरकारी संस्थाहरु मुख्य गरि राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल, USAID को हरियो वन कार्यक्रम, IUCN नेपाल, SAVE कार्यक्रम, सामुदायिक वन उपभोक्ता समूहहरु, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरु, संचारकर्मीहरु र सर्वसाधारण प्रति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग आभार व्यक्त गर्दछ । आगामी दिनमा पनि यस प्रकारका सहयोगको आशा एवं विश्वास व्यक्त गर्दछ ।

सम्पर्क:- ९८५११४२४०५

डा. महेश्वर ढकाल
प्रवक्ता
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

मिति: २०७२।०४।१५